**केन्द्रीय कार्यालय**

हरिहरभवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

**क्षेत्रीय कार्यालयहरू**

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, देवीचोक
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

**उपक्षेत्रीय कार्यालयहरू**

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११
जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२


# विश्वव्यापी आवधिक समीक्षा
# Universal Periodic Review (UPR)

## परिचयात्मक पुस्तिका



**राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहरभवन, ललितपुर**

सबैका लागि मर्यादा, समानता र न्याय

# विश्वव्यापी आवधिक समीक्षा

# Universal Periodic Review (UPR)

परिचयात्मक पुस्तिका

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

| | | |
|---|---|---|
| **प्रकाशन मिति** | : | असार, २०६९ |
| **संस्करण** | : | पहिलो |
| **प्रति** | : | ३००० |
| **प्रकाशन नं.** | : | |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानवअधिकार आयोग, नेपाल । |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग,<br>क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा.लि., तीनकुने<br>फोन नं. ०१-४१११८११<br>E-mail: press_apex@yahoo.com |

# विश्वव्यापी आवधिक समीक्षा
## Universal Periodic Review (UPR)

### पृष्ठभूमि र परिचय

संयुक्त राष्ट्रसंघको स्थापना पश्चात मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकारसँग सम्वन्धित कानुन र सो सम्वन्धी विभिन्न प्रकारका संयन्त्रहरुको विकास गर्दै आइरहेको छ । विश्वव्यापी आवधिक समीक्षा मानव अधिकारको संरक्षण, सर्म्बद्धन र पालनाको निम्ति संयुक्त राष्ट्रसंघले व्यवस्था गरेको प्रावधानहरुमा पछिल्लो र महत्वपूर्ण संयन्त्र हो । UPR सम्वन्धित राष्ट्रको पूर्ण संलग्नतामा राष्ट्रको क्षमता अभिबृद्धिको आवश्यकता समेतलाई मध्यनजर गर्दै अन्तर्क्रियात्मक सम्वादमा आधारित एक सहयोगी संयन्त्र हो । संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुलाई मानव अधिकारप्रति बढी जिम्मेवार र उत्तरदायी बनाउने एवं मानवअधिकारप्रतिको प्रतिवद्धताको पालना गराउने उद्देश्यले संयुक्त राष्ट्रसंघको महासभाको प्रस्तवना नं. ६०/२५१ मार्फत मिति २०६२ चैत्र २ गते (सन् २००६ मार्च १५) मानवअधिकार परिषद्को स्थापनासँगै नयाँ संयन्त्रको रुपमा विश्वव्यापी आवधिक समीक्षा (UPR) को व्यवस्था गरिएको हो । यसरी स्थापित संयन्त्रलाई मानवअधिकार परिषद्को प्रस्ताव नं. ५/१ ले वि.सं. २०६४ साल असार ४ गते (सन् २००७ जुन १८) मा अझ बढी विस्तृत पारेको छ ।

यूपीआर संयुक्त राष्ट्रसंघका १९३ वटा सदस्य राष्ट्रहरुले मानव अधिकारको क्षेत्रमा गरेका प्रगति र सुधारका निम्ति गरिनुपर्ने पहलहरुको पुनरावलोकन गर्ने एउटा संयन्त्र हो । यस संयन्त्र मार्फत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरुको प्रत्येक चार-चार बर्षमा आवधिक रुपमा मानवअधिकारप्रतिको उत्तरदायित्व, प्रतिवद्धता र चुनौतीका साथै यी राष्ट्रहरुले मानव अधिकारको क्षेत्रमा गरेका प्रगति र सुधारका निम्ति गरिनुपर्ने आवश्यक पहलहरु समेतको पुनरावलोकन गर्ने काम गर्दछ । विश्वव्यापी आवधिक समीक्षामार्फत मानव अधिकार परिषद्मा प्रत्येक सदस्य राष्ट्रले मानव अधिकारप्रति व्यक्त गरेका प्रतिवद्धता र उत्तरदायित्वहरुको पालनाको अवस्था के-कस्तो छ भनी विश्वसनीय र वस्तुपरक सूचनाहरुका

आधारमा समीक्षा हुने गर्दछ। UPR मानवअधिकारसँग सम्वन्धी विभिन्न महासन्धि तथा सन्धिहरुको पक्ष राष्ट्रको हैसियतले सन्धिजनित निकायहरुमा पेश गर्नुपर्ने आवधिक राष्ट्रिय प्रतिवेदनहरुको नककल वा अर्को स्वरुपको रुपमा नभई पूरकको रुपमा रहन्छ ।

**विश्वव्यापी आवधिक समीक्षाको उद्देश्यहरू**

- सबै प्रकारका असमानता र भेदभावको अन्त्य गर्ने,
- सबैको लागि मानव अधिकारको अवस्थामा अभिवृद्धि गर्ने,
- सदस्य राष्ट्रहरुको सरकारलाई मानव अधिकारप्रतिको उत्तरदायित्व र प्रतिवद्धताहरुको पालनाको लागि दवाव सिर्जना गर्ने र राज्यहरुको क्षमता अभिवृद्धि गर्ने,
- राष्ट्रहरुले गरेका सकारात्मक विकास र भोग्नु परेका समस्याहरुको समीक्षा गर्ने,
- राष्ट्रहरु र सरोकारवालाहरु बीच भएका राम्रा प्रयासहरु तथा अनुभवको आदन-प्रदान गर्ने,
- मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा समन्वय र सहकार्यको लागि सहयोग गर्ने

**विश्वव्यापी आवधिक समीक्षाका आधारहरू**

संयुक्त राष्ट्रसंघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, राज्य पक्ष भएका मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, स्वेच्छिक संकल्प तथा प्रतिवद्धताहरु मानव अधिकार परिषद्का उच्चस्तरीय बैठकहरुमा दिइएका मन्तव्यहरु, अन्तर्राष्ट्रिय कानून नै विश्वव्यापी आवधिक समीक्षाका आधारहरु हुन् ।

**विश्वव्यापी आवधिक समीक्षाको विश्वव्यापकता**

- यसमा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रलाई समीक्षाको लागि पालैपालो राखिन्छ, जसले गर्दा प्रत्येक सदस्य राष्ट्रहरुको चार-चार वर्षमा अनिवार्य रुपमा समीक्षा हुन्छ,

- सम्वन्धित राष्ट्रहरुले राज्य पक्ष भएका सन्धिहरुको सन्धिजनित निकायहरूमा पेश गर्नुपर्ने आवधिक प्रतिवेदनहरु समयमा बुझाउन नसकेको अवस्थामा धेरै प्रतिवेदनहरु एकैपटक पेश गर्न पनि सक्दछन् तर विश्वव्यापी आवधिक समीक्षाको लागि प्रत्येक चार-चार वर्षमा अनिवार्य रुपमा प्रतिवेदन बुझाउनै पदर्छ ।
- विश्वाव्यापी आवधिक समीक्षा प्रक्रियामा मानव अधिकार परिषद्का सदस्य राष्ट्रहरु र पर्यवेक्षक राष्ट्रहरुको समेत सहभागी हुन्छ,
- विश्वव्यापी आवधिक समीक्षाका लागि राष्ट्रहरुको छनौटमा भौगोलिक आधारलाई समेत ख्याल गरिएको हुन्छ ।

**विश्वव्यापी आवधिक समीक्षाका चरणगत प्रक्रियाहरू**

समीक्षा हुने हरेक राष्ट्रले UPR को प्रक्रियामा संलग्न हुँदा देहाय बमोजिमका चरणहरु पूरा गर्नुपर्दछ ।

**(१) अभिलेखीकरण (Documentation):** समीक्षा हुने राष्ट्रको लागि अभिलेखीकरण प्रथम चरण हो । यस अन्तर्गत तीनवटा दस्तावेजहरुमा रहेका जानकारीहरुको आधारमा समीक्षा हुन्छ ।

**(क) राष्ट्रिय प्रतिवेदन**ः मानव अधिकार परिषद्मा समीक्षा हुने राष्ट्रले आफ्नो पालोमा एक राष्ट्रिय प्रतिवेदन पेश गर्नु पर्दछ । प्रतिवेदनको तयारीका लागि राष्ट्रियस्तरमा सम्वन्धित सबै सरोकारवालाहरु, मानव अधिकारसम्वन्धी राष्ट्रिय संयन्त्रहरु, मानव अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी संस्थाहरु, राज्यका विभिन्न अंगहरु, नागरिक समाजका प्रतिनिधिहरुसँग व्यापकरुपमा छलफल गरी राष्ट्रले राष्ट्रिय प्रतिवेदन तयार गर्नुपर्दछ। राष्ट्रिय प्रतिवेदनमा सवै प्रकारका मानव अधिकारहरुसँग सम्वन्धित सूचनाहरु समाविष्ट भएको हुनुपर्दछ। राष्ट्रिय प्रतिवेदन बढीमा १०,७०० शब्दहरु र २० पृष्ठको हुनु पर्दछ। UPR को Working Group Session शुरु हुनुभन्दा १३ हप्ता अगाडी नै राष्ट्रिय प्रतिवेदन पेश गरिसक्नु पर्दछ ।

**(ख) संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय** (OHCHR) **का प्रतिवेदनहरू:** ओएचसीएचआरले समीक्षा हुने राष्ट्रको मानव अधिकारको अवस्था सम्बन्धमा बढीमा १०-१० पेजको, प्रत्येकमा ५,३५० शब्दहरुमा दुईवटा प्रतिवेदनहरु तयार गर्दछ । सोमध्ये एउटा प्रतिवेदनमा राष्ट्रसङघीय सन्धिजनित निकायहरुमा पेश गरेको आवधिक प्रतिवेदन, विशेष कार्यविधिको प्रतिवेदन, सम्वन्धित राष्ट्रको सुझाव तथा टिप्पणी र अन्य निकायहरुद्वारा प्राप्त सूचनाहरु समावेश गरी प्रतिवेदन तयार गरिन्छ भने अर्कोमा राष्ट्रिय मानव अधिकार संस्थाहरु, गैरसकारी संस्थाहरु, नागरिक समाजका प्रतिनिधिद्वारा प्राप्त विश्वसनीय सूचनाहरुको संङ्क्षेपीकरण राखिन्छ ।

**(२) अन्तर्क्रियात्मक संवाद**

विश्वव्यापी आवधिक समीक्षाको यो दोश्रो महत्वपूर्ण चरण हो । माथि अभिलेखीकरणमा उल्लेख गरिएका तीनवटा प्रतिवेदनहरुको आधारमा विश्वव्यापी आवधिक समीक्षासम्वन्धी कार्य-समूहमा राष्ट्रको मानव अधिकारको अवस्थाबारे



समीक्षा गरिन्छ। मानव अधिकार परिषद्का अध्यक्षको अध्यक्षतामा परिषद्का ४७ वटा सदस्य राष्ट्रहरु एवम् पर्यवेक्षक राष्ट्रहरुको उपस्थितिमा यो प्रक्रिया सम्पन्न हुन्छ। मानव अधिकार परिषद्को हरेक बर्ष दुई हप्तामा तीनवटा सत्रहरु सम्पन्न हुन्छन्। हरेक सत्रमा १६ वटा गरी ४८ वटा राष्ट्रहरुको एक वर्षमा समीक्षा हुन्छ। यस चरणमा समीक्षा हुने राष्ट्र र परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरुको बीचमा लगातार तीन घण्टाको अन्तर्क्रियात्मक सम्वाद हुन्छ। तीन घण्टा मध्ये दुई घण्टाको समय परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरुलाई समीक्षा हुने राष्ट्रसँग प्रश्न तथा सिफारिशहरु गर्नको लागि छुट्टाइएको हुन्छ भने बाँकी एक घण्टाको समय समीक्षा हुने राष्ट्रलाई सम्वादको क्रममा उठेका प्रश्नहरु एवं सिफारिशहरुको जवाफ दिन, आफ्नो प्रतिवेदन प्रस्तुत गर्न र अन्त्यमा निष्कर्षहरु राख्नको लागि छुट्टाइएको हुन्छ।

समीक्षाहुने राष्ट्रको समीक्षाको चरणलाई सहजीकरण गर्नको लागि मानव अधिकार परिषद्का सदस्यहरु मध्येबाट तीनजना समाधीक्षकहरुको एउटा समूह गठन गरिएको हुन्छ जसलाई ट्रोइका भनिन्छ। ट्रोइकाका तीनजना सदस्यहरु संयुक्त राष्ट्रसंघद्वारा निर्धारण गरिएका छुट्टा-छुट्टै क्षेत्रीय समूहहरूबाट प्रतिनिधित्व हुने गरी छनौट गरिएको हुन्छ। ट्रोइकाले समीक्षा हुने राष्ट्रहरुको सम्वन्धमा अग्रीम प्रश्नहरु संकलन गरी सचिवालयमार्फत सम्वन्धित राष्ट्रहरुमा पठाउने कार्य गर्दछ। अन्तर्क्रियात्मक सम्वादको क्रममा यो समूहको कुनै भूमिका नभए पनि प्रतिवेदन तयार गर्ने कार्य भने यसै समूहले गर्दछ।

### (३) समीक्षाको निष्कर्ष र सुझाव पारित

समीक्षा हुने राष्ट्रको अन्तर्क्रियात्मक सम्वादपश्चात ट्रोइका अन्तर्गतका समाधीक्षकहरुले सचिवालयको सहायतामा समीक्षा हुने राष्ट्रको पूर्णसहभागितामा समीक्षासम्वन्धी निष्कर्ष र सिफारिसहरुको लिखित दस्तावेज तयार गर्दछन्। उक्त दस्तावेजमा विचार विमर्श गर्न र त्यसलाई पारित गर्न समीक्षा भएको राष्ट्रलाई समीक्षा भएको ४८ घण्टामा नबढाई ३० मिनेटको समय दिइएको हुन्छ। आफ्ना कुराहरुमा सुधार गर्न राष्ट्रलाई दुई हप्ताको समय दिई समीक्षाको निष्कर्ष र

सिफारिसहरु पारित गरिन्छ। दस्तावेजका निष्कर्ष तथा सिफारिसहरुमा सहमति वा विमति जनाउन (कार्य-समूहको बैठकमा, कार्य-समूहको बैठक र परिषद्को आगामी सत्र बीचको समयमा र दस्तावेज पारित गर्न बस्ने परिषदको बैठकमा) समीक्षा हुने राष्ट्रलाई अवसर प्रदान गरिएको हुन्छ।

**(४) समीक्षाका निष्कर्ष तथा सुझावहरूको कार्यान्वयन**

माथि उल्लेख गरिएका तीनवटा चरणपश्चात समीक्षा हुने राष्ट्रको निष्कर्ष दस्तावेजका निष्कर्ष तथा सिफारिसहरुलाई अन्तिम रुप दिई औपचारिक रुपमा पारित गर्न मानव अधिकार परिषद्मा पठाइएको हुन्छ। उक्त दस्तावेज माथि परिषद्को नियमित बैठकमा एकघण्टाको समय दिएर विचार विमर्श गरी पारीत गरिन्छ। यसरी मानव अधिकार परिषद्द्वारा पारित गरिएको अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको कार्यान्वयन गर्नु समीक्षा हुने राष्ट्रको कर्तव्य हुन्छ।

**विश्वव्यापी आवधिक समीक्षा र नेपाल**

वि.स. २०६४ साल असार ४ गतेको मानव अधिकार परिषद्को प्रस्ताव ५/१ बमोजिम गठित विश्वव्यापी आवधिक समीक्षासम्वन्धी कार्यसमूहले दसौं सत्र २०६७ पुस ३० देखि २०६७ माघ ११ गतेसम्म (सन् २०११ जनवरी २४ देखि सन् २०११ फ्रेवरी ४) सञ्चालन गरेको थियो। मिति २०६७ माघ ११ गते (सन् २०११ जनवरी २५) बसेको तेश्रो बैठकमा नेपालको समीक्षा गरिएको थियो। नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइरालाले गर्नुभएको थियो भने २०६७ माघ १३ गते (सन् २०११ जनवरी २७) बसेको सातौं बैठकमा उक्त कार्य-समूहले नेपाल सम्वन्धी प्रतिवेदन पारित गरेको थियो।

नेपालको विश्वव्यापी आवधिक समीक्षालाई सघाउन मानव अधिकार परिषद्ले २०६७ जेठ २७ गते गणतन्त्र मोल्दोभा, क्यूवा र कतारका प्रतिवेदकहरु रहेका तीन सदस्यीय टोलीको चयन गरेको गरेको थियो। क्यानडा, चेक गणतन्त्र, डेनमार्क, फ्रान्स, जर्मनी, आयरल्यान्ड, माल्दिभ्स, नेदरल्यान्ड्स, नर्वे, स्लोभेनिया,

स्विडेन, स्विट्जरल्याण्ड र बेलायतद्वारा अगाडी नै तयार पारिएका प्रश्नहरुको सूची तीन सदस्यीय टोलीमार्फत नेपाललाई हस्तान्तरण गरेको थियो ।

मानव अधिकार परिषद्को प्रस्ताव ५/१ को परिशिष्टको अनुच्छेद १५ बमोजिम नेपालको समीक्षाका लागि अनुच्छेद १५ (क) (A/HRC/WG.6/10NPL/1 and A/HRC/WG.6/10/NPL/1/corr.1) बमोजिम तयार पारिएको राष्ट्रिय प्रतिवेदन, अनुच्छेद १५ (ख) (A/HRC/WG.6/10/NPL/2) बमोजिम मानव अधिकार उच्चायुक्तको कार्यालयले तयार पारेको संग्रह, र अनुच्छेद १५ (ग) (A/HRC/WG.6/10/NPL/2) बमोजिम मानव अधिकार उच्चायुक्तको कार्यालयले तयार पारेको सारसङ्क्षेप गरी तीन वटा दस्तावेजहरु जारी गरिएको थियो ।




नेपालको विश्वव्यापी समीक्षा सम्वन्धी प्रतिवेदनमा नागरिक तथा राजनीतिक अधिकासँग सम्वन्धित संविधान निर्माण, शान्तिप्रक्रिया, सङक्रमणकालीन न्याय, दण्डहीनता, कानूनी शासन, गैरन्यायिक हत्या, भेला हुने स्वतन्त्रता, बेपत्ता, यातना, लैङ्गिक समानता, अविभेद, जातका आधारमा हुने भेदभाव, अपाङ्गता भएका व्यक्तिहरु, बालअधिकार, आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार, विभिन्न अल्पसंख्यक, आदिवासी, राष्ट्रिय मानव अधिकार संस्था, मानव अधिकार रक्षक, शरणार्थी, अन्तर्राष्ट्रिय संयन्त्रसँगको सहयोग, अन्तर्राष्ट्रिय सहयोग, अन्तर

ाष्ट्रिय सन्धिको अनुमोदन मानव अधिकार राष्ट्रिय कार्ययोजनासँग सम्वन्धित विषयवस्तुहरु रहेकाछन् ।

नेपालले विश्वव्यापी समीक्षाको प्रतिवेदनबाट मिति २०६७ फाल्गुण २४ गते (सन् २०११ मार्च ८) जम्मा १३५ वटा निष्कर्ष तथा सिफारिशहरु प्राप्त गरेको थियो ती मध्ये ५६ वटा निष्कर्ष तथा सिफारिशहरुलाई नेपालद्वारा अध्ययन गरिनुका साथै समर्थन गरिएको छ, २८ वटा निष्कर्ष तथा सिफारिशहरु कार्यान्वयन भइसकेको वा कार्यान्वयन प्रक्रियामा रहेको ठानेको छ भने ३६ वटा निष्कर्ष तथा सिफारिशहरुको नेपालद्वारा अध्ययन गरी सन् २०११ मा मानव अधिकार परिषद्को १७ औं बैठकमा प्रतिक्रियाहरु उपलब्ध गराउने भनिएको थियो । १५ वटा निष्कर्ष तथा सिफारिशहरुलाई नेपालले समर्थन गरेन । मानव अधिकार परिषद्को सत्रौं सत्रमा भएको विश्वव्यापी आवधिक समीक्षाको सम्वन्धमा नेपालले मिति २०६८ जेठ १८ गते (सन् २०११ जुन १) समीक्षा अन्तर्गतका ३६ वटा निष्कर्ष तथा सिफारिशहरु, स्वेच्छिक प्रतिवद्धता तथा जवाफसम्वन्धी धारणाहरु पुनः पेश गरेको छ ।

विश्वव्यापी आवधिक समीक्षा कार्य समूहले मानव अधिकार परिषद्को निष्कर्ष तथा सुझावहरु र नेपाल सरकारको प्रतिक्रियाका आधारमा प्रस्तुत गरेका निष्कर्ष तथा सिफारिशहरुमा समयमै संविधान निर्माण हुन नसक्नु, सत्यनिरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानवीन आयोग, संसदमा विचाराधिन विधेयकहरु पारित भइनसक्नुले संक्रमणकालिन अवस्थामा मानव अधिकार उल्लंघनका घटनाहरु घटिरहेको निष्कर्ष निकालेको छ । पीडितले न्याय नपाएको, गम्भीर अपराधमा अदालतले सजाय तोकेको व्यक्तिलाई कुनै सजाय नभएकोले दण्डहीनताको अवस्था कायमै रहेको देखिन्छ ।

**विश्वव्यापी आवधिक समीक्षामा सरकारको भूमिका**

- राष्ट्रिय प्रतिवेदन तयार गर्ने क्रममा सरकारले बृहत्तररुपमा सम्वन्धित सरोकारवाला पक्षहरुसँग छलफल तथा परामर्श गरी सूचना तथा जानकारी

संकलन गरी प्रतिवेदन तयार गरी मानव अधिकार परिषद्मा पेश गर्ने ।

- अन्तरक्रियात्मक संवादमा सरकारको तर्फबाट भाग लिने ।
- विश्वव्यापी आवधिक समीक्षाबारे प्रचारप्रसार गर्ने ।
- विश्वव्यापी आवधिक समीक्षा सम्वन्धी प्राप्त निष्कर्ष तथा सिफारिसहरुको सरकारद्धारा इमान्दारीका साथ पालना गरी कार्यान्वयन गर्ने ।
- सरकारले राष्ट्रिय मानव अधिकार संस्थाहरु लगायत मानव अधिकार सम्वन्धी राष्ट्रिय संयन्त्रहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, सरकारका विभिन्न अंग तथा निकायहरुसँग कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्ने ।

## विश्वव्यापी आवधिक समीक्षामा नागरिक समाज तथा अन्य गैरसरकारी संघ संस्थाको भूमिका

- राष्ट्रद्वारा तयार गरिने राष्ट्रिय प्रतिवेदन तयारीको क्रममा सहभागी भै सरकार र आयोगलाई सुझाव दिने ।
- राज्य पक्ष भएका सन्धिहरुको सन्धिजनित निकाय र विशेष कार्यविधिहरुमा UPR लाई सहयोग पुग्ने गरी वास्तविक र विश्वसनीय सुझाव तथा सूचना प्रदान गर्ने ।
- UPR सम्वन्धमा गाउँस्तर, जिल्लास्तर, राष्ट्रियस्तरका परामर्श गोष्ठी तथा छलफल कार्यक्रमहरुको आयोजना गरी प्राप्त सूचना सम्वन्धित निकायमा उपलव्ध गराउने ।
- विश्वव्यापी आवधिक समीक्षा सम्वन्धी प्राप्त निष्कर्ष तथा सिफारिसहरुको सरकारबाट कार्यान्वयन भए, नभएको बारेमा सरकारलाई सचेत गर्ने र कार्यान्वयन गराउन जनदवाव दिने ।
- मानव अधिकारका विषयगत क्षेत्रमा काम गरेका गैरसरकारी संघ संस्थाहरुले आफुले काम गरेको क्षेत्र र विषयको वारेमा सरकारलाई सूचना तथा जानकारी प्रदान गर्न गर्ने ।

- गैरसरकारी संस्थाको तर्फबाटसमेत विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामा समाविष्ट हुने गरी प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयमा पेश गर्न सक्तछन् ।

**विश्वव्यापी आवधिक समीक्षामा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ अन्तर्गत मानवअधिकारको संरक्षण, सम्वर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी आयोगलाई जिम्मेवारी प्रदान गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ६ ले नेपाल पक्ष भएका विभिन्न मानव अधिकारसँग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धि अर्न्तगत कुनै निकायमा प्रतिवेदन पठाउनु पर्ने दायित्व भएको विषयमा नेपालले प्रतिवेदन पठाउनु अघि रायको लागि लेखी आएमा सरकारलाई राय उपलव्ध गराउन सक्नेछ भन्ने व्यवस्था उल्लेख छ ।  जसले गर्दा विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामा आयोगले मुलुकको मानव अधिकारको अवस्था सम्वन्धी वास्तविक तथा वस्तुपरक सूचनाहरु सरकारलाई उपलव्ध गराउन सक्दछ ।

UPR सम्वन्धी नेपालले सन् २०११ मा पेश गरेको राष्ट्रिय प्रतिवेदनको तयारीको क्रममा आयोगले सरोकारवाला संघसंस्थाहरुको बीचमा छलफल तथा परामर्श गरी प्राप्त सूचनाहरुको संकलन गरी नेपाल सरकारलाई सुझाव तथा परामर्श उपलव्ध गराएको थियो । राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले संयुक्त रुपमा विश्वव्यापी आवधिक समीक्षा लागि छुट्टै प्रतिवेदन तयार गरी पेश गरेको थियो । यसको निम्ति आयोगको संयोजकत्वमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको प्रतिनिधिहरु रहेको एक संयुक्त समिति गठन गरेको थियो । समीक्षाको अन्तर्क्रियात्मक संवाद चरणमा पनि आयोगको तर्फबाट पर्यवेक्षकको रुपमा भाग लिई आफ्नो भुमिका निर्वाह गरेको थियो ।



विश्वव्यापी आवधिक समीक्षाका निष्कर्ष तथा सिफारिसहरुको कार्यान्वयन अवस्थाको अनुगमनका लागि आयोगका सदस्य श्री गौरी प्रधानको संयोजकत्वमा कमिटी गठन भई अनुगमन, अन्तरक्रिया तथा छलफल कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ। विश्वव्यापी आवधिक समीक्षाबारे सरोकारवालाहरुलाई जानकारी गराउने उद्देश्यले तालिम, सेमिनार, गोष्ठी, छलफल कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ भने ब्रोसियर, जानकारी पुस्तिका, प्रतिवेदन लगायतका सामग्रीहरु प्रकाशित गरी सरोकारवालाहरुलाई निःशुल्क वितरण समेत गर्दै आएको छ ।

विश्वव्यापी आवधिक समीक्षामा **मानव अधिकार संस्थाहरूको** देहाय बमोजिमको भुमिका हुनेछ :

- राष्ट्रको तर्फबाट पेश गरिने राष्ट्रिय प्रतिवेदन तयारीको सम्वन्धमा सम्पन्न गरिने परामर्श एवं छलफल कार्यक्रमहरुमा भाग लिई सूचना प्रदान गर्ने,

- वास्तविक, भरपर्दो, स्वतन्त्र र अद्यावधिक सूचना संकलन गर्नको लागि अन्य आयोगहरु, नागरिक समाज, मानवअधिकार क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरु, व्यावसायिक संगठनहरु, अनुसन्धानकर्ताहरु, राज्यका विभिन्न निकायसँग परामर्श तथा छलफल गरी सूचना संकलन गर्ने,

- संकलित सूचनाहरु र आयोगका नियमित क्रियाकलापहरुबाट प्राप्त सूचनाहरुको आधारमा आयोगको तर्फबाट छुट्टै प्रतिवेदन तयार गरी पेश गर्ने,

- विश्वव्यापी आवधिक समीक्षा प्रक्रियाको सम्वन्धमा सरोकारवाला पक्षहरुलाई जानकारी उपलब्ध गराउने तथा क्षमता अभिबृद्धि गर्ने ।

- समीक्षाको क्रममा कार्यगत समूहको अन्तर्क्रियात्मक संवादमा पर्यवेक्षकको रुपमा सहभागी हुने,

- मानवअधिकार परिषद्बाट अन्तिम प्रतिवेदन पारित हुनुपूर्व सामान्य टिप्पणी प्रदान गर्ने,

- विश्वव्यापी आवधिक समीक्षाको क्रममा उठेका सवाल तथा प्रश्नहरुको सम्वन्धमा राज्यलाई पृष्ठपोषण गर्ने,

- अन्तिम प्रतिवेदनको सम्वन्धमा अनौपचारिक छलफलमा भाग लिने ।

- विश्वव्यापी आवधिक समीक्षा प्रक्रियापश्चात मानवअधिकार परिषद्बाट पारित अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको पालना गर्न गराउन सरकारलाई सुझाव दिने ।

- प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्ने ।

- अनुगमनबाट प्राप्त सूचनाको आधारमा आवश्यक कार्यहरु गर्न सरकारलाई सचेत गराउने ।

- अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको सम्वन्धमा सरोकारवाला

पक्षहरुलाई जानकारी दिने ।

**विश्वव्यापी आवधिक समीक्षाको दोश्रो चरणमा गरिएका नयाँ व्यवस्थाहरू**

- जुन १७, २०११ मा मानव अधिकार परिषद्ले विश्वव्यापी आवधिक समीक्षाको प्रथम चरण पूरा गर्‍यो । मानव अधिकार परिषद्ले यस कार्यका लागि प्रस्तावन नं. १७/११९ पारित गरी Follow Up गर्ने निर्णय गर्दै प्रस्ताव नं. १६/२१ पारित गर्‍यो । यस प्रस्तावमा विश्वव्यापी आवधिक समीक्षाको नयाँ व्यवस्थालाई स्वीकार गरिएको छ । परिषद्ले यस प्रस्तावलाई मार्च २५, २०११ देखि कार्यान्वयनमा ल्याएकोछ ।
- नयाँ पद्धती अनुसार विश्वव्यापी आवधिक समीक्षाको अवधि प्रत्येक ४ वर्षबाट बढाएर प्रत्येक सदस्य राष्ट्रको समीक्षा अवधि ४.५ वर्ष पुर्‍याएकोछ भने समीक्षा चरण हरेक सत्रमा १४ वटा राष्ट्र गरी एक वर्षमा ४२ वटा राष्ट्रहरुको समीक्षा हुन्छ । साधारणतया समीक्षा सत्र जनवरी/फेव्रवरी, मे/ जुन र अक्टुवर/नोभेम्वर गरी ३ वटा चरणमा संचालन हुनेछ । प्रत्येक समीक्षा अवधि ३.५ घण्टाको हुनेछ । समीक्षा हुने राष्ट्रलाई ७० मिनेट र अन्य राष्ट्रलाई २ मिनेटमा नबढाई १४० मिनेटको समय दिइनेछ ।
- प्रत्येक राष्ट्रले मानव अधिकार परिषद्मा छलफल भएको समीक्षाको निष्कर्ष वा सिफारिसको लिखित रुपमा सम्वोधन गर्नु पर्नेछ । साथै मानव अधिकार परिषद्ले राष्ट्रलाई उक्त निष्कर्ष तथा सिफारिसको Follow Up र मध्यावधिक प्रतिवेदन स्वेच्छिक रुपमा राष्ट्रलाई पेश गर्न प्रोत्साहित गरेको छ ।
- नयाँ पद्धती अनुसार विश्वव्यापी आवधिक समीक्षामा मानव अधिकार संस्थाहरु र गैरसरकारी संस्थाहरुको भूमिकालाई जोड दिएको छ । जस अनुसार “ए” श्रेणी भएका मानव अधिकार संस्थाहरुलाई मानव अधिकार परिषद्मा संक्षेपीकरण जानकारी उपलव्ध गराउन र मानव

अधिकार परिषद्को पूर्ण बैठकमा भाग लिन समय दिइएको छ भने राष्ट्रले गैरसरकारी संस्थाहरुसँग वृहत्तर छलफल तथा अन्तरक्रिया गर्नुपर्ने र गैरसरकारी संस्थाहरुले यस सम्वन्धी जानकारीहरु उपलव्ध गराई योगदान गर्न सक्नेछ । सन् २०१५ नेपालको निम्ति दोश्रो चरणको विश्वव्यापी आवधिक समीक्षा हुनेछ ।